# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२३४ बारा, २०८३ असोज ३० गते शुक्रबार / षष्ठी / नेपाल संवत् ११४६ / Friday, October 16 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## पर्साका दुई पालिकाको बैंक खाता बन्द




वीरगञ्ज,२९ असोज/पर्साका पोखरिया नगरपालिका र सखुवा प्रसौनी गाउँपालिकाको बैंक खाता सञ्चालनमा आउन नसक्दा पालिकाको आर्थिक कारोबार प्रभावित भएको छ । खाता सञ्चालन नहुँदा दुवै पालिकाका कर्मचारी तथा शिक्षकले तीन महिनादेखि तलब पाउन सकेका छैनन् । दसैंको मुखमा समेत तलब र चाडपर्व खर्च नपाउँदा उनीहरू आर्थिक समस्यामा परेका छन् ।

कोष तथा लेखा नियन्त्रक कार्यालय, वीरगञ्जका सूचना अधिकारी रामविनय मुखियाका अनुसार दुवै पालिकाको खाता सञ्चालन हुन नसक्दा नियमित आर्थिक कारोबार तथा भुक्तानी प्रक्रिया अवरुद्ध भएको हो । नयाँ आर्थिक वर्ष २०८३/०८४ सुरु भएको तीन महिना बित्न लाग्दासमेत खाता सञ्चालनमा आउन नसकेको उहाँले जानकारी दिनुभयो ।

पोखरिया नगरपालिकाले चालु आर्थिक वर्षको बजेट पारित गर्न नसकेका कारण बैंक खाता सञ्चालन हुन नसकेको जनाइएको छ । त्यस्तै, सखुवा प्रसौनी गाउँपालिकामा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई आर्थिक कारोबार सञ्चालन गर्ने अख्तियारी नदिएका कारण खाता सञ्चालन हुन नसकेको बताइएको छ ।

खाता सञ्चालनमा रहेका

बाँकी तेश्रो पेजमा

## निजगढको बकैया खोला किनारमा औद्योगिक करिडोर निर्माण गर्न उद्योग वाणिज्य संघको माग

निजगढ, २९ असोज/निजगढ उद्योग वाणिज्य संघले बकैया खोलाको नदी उकास जग्गामा औद्योगिक करिडोर निर्माण गर्न निजगढ नगरपालिकासंग माग गरेको छ ।

संघका अध्यक्ष दिपेन्द्र श्रेष्ठले आज नगर प्रमुख सुरथ पुरीलाई ज्ञापन पत्र बुझाउदै निजगढ ९ स्थित बकैया खोलाको पूर्वी किनाराको नदी उकास जमिनको उपयोग गरी औद्योगिक करिडोर निर्माणको प्रक्रिया अघि बढाउन माग गर्नुभएको हो ।

संघका अध्यक्ष श्रेष्ठले बुझाएको नगर प्रमुख पत्रमा सो क्षेत्रको जमिन औद्योगिक करिडोर निर्माणका उपयुक्त रहेकोले सोको लागि आवश्यक अध्ययन, समन्वय र कानुनी प्रक्रिया यथाशीघ्र सुरु गर्न आग्रह गरिएको छ ।

संघका अनुसार उक्त क्षेत्रमा उद्योग स्थापनाको लागि विभिन्न उद्योगी तथा व्यवसायीहरु लगानीकर्ताहरू इच्छुक छन् । 'लगानी गर्न व्यवसायीहरु तयार छन, पत्रमा भनिएको छ, जमिनको व्यवस्थापन गर्न सकेमा निजगढमा विभिन्न प्रकृतिका उद्योग स्थापना गर्न सकिने सम्भावना छ ।'

औद्योगिक करिडोर निर्माणको लागि प्रस्ताव गरिएको जमिनमा कानुनी प्रक्रिया पूरा गरी नगरपालिकाको



स्वामित्व वा अधिकार क्षेत्रभित्र ल्याउन आवश्यक पहल गर्नुपर्ने संघले जनाएको छ । त्यसका लागि जग्गाको स्वामित्व, कानुनी अवस्था तथा औद्योगिक प्रयोजनका लागि उपयोग गर्न सकिने सम्भावनाबारे आवश्यक अध्ययन गरी सम्बन्धित निकायसँग समन्वय गर्नुपर्ने संघले जनाएको छ ।

त्यसैगरी औद्योगिक करिडोर निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाउने क्रममा नगरपालिका कार्यालयलाई आवश्यक सहयोग, सहकार्य र समन्वय गर्न संघ प्रतिबद्ध रहेको पनि पत्रमा उल्लेख गरिएको जनाएको छ ।

औद्योगिक क्षेत्रको विकासले युवालाई रोजगारी उपलब्ध गराउनुका साथै नयाँ उद्योग तथा व्यवसाय सञ्चालनका लागि अवसर सिर्जना गर्ने संघको अपेक्षा छ । त्यस्तै, संघले निजी क्षेत्रको लगानी आकर्षित गर्न, स्थानीय उत्पादनको प्रवर्द्धन गर्न र नगरको आर्थिक गतिविधि बढाउनसमेत औद्योगिक करिडोरले महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने बताएको छ । 'उद्योग स्थापनाले स्थानीय बजारको कारोबार बढ्ने, पत्रमा भनिएको छ, उत्पादनमूलक गतिविधि विस्तार भएर नगरपालिकाको आर्थिक आधार थप बलियो बन्ने विश्वास गरेका छौं ।'

नगर प्रमुख पुरीले निजगढमा औद्योगिक करिडोर स्थापना गर्ने कार्य संघले व्यक्त गरेको चासो निजगढको विकासमा दूरगामी महत्वपूर्णको भन्दै यसको लागि सबै आवश्यक छलफल गरेर पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँले प्रस्तावित जग्गाको स्वामित्व नगरपालिका कार्यालयमा ल्याउन सरोकारवाला सबै पक्षसंग छलफल गरेर निर्णय लिइने पनि बताउनुभयो ।

## सगरमाथा सहकारीद्वारा रसुवा बाढीमा बेपत्ता निजगढका विष्ट र परियारका छोराहरूलाई स्टेशनरी सामग्री सहयोग




निजगढ, २९ असोज/निजगढ ७ स्थित सगरमाथा बचत तथा ऋण सहकारी संस्थाले भोटेकोशी बाढी परेर बेपत्ता निजगढ नगरपालिका वडा नम्बर ९ निवासी राज विष्ट र दिनेश परियारका छोराहरुको पठनपाठनमा सहयोग पुचाउने उद्देश्यले स्टेशनरी सामग्री सहयोग गरेको छ ।

सहकारी संस्थाको आज भएको २६औं बार्षिक साधारण सभाको अवसरमा विष्टका छोरा क्रिष्ट र परियारका छोरा रोहनलाई संस्थाका अध्यक्ष रुद्रप्रसाद धितालले शैक्षिक सामग्री वितरण गर्नुभएको हो ।

सोही कार्यक्रममा शैक्षिक शत्र २०८२ सालको एसईईमा निजगढ नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयबाट सर्वोत्कृष्ट अंक ल्याउन सफल छात्रातर्फ गौरीशंकर माध्यमिक विद्यालय निजगढ, ८ की प्राश्ना लामा र विद्यासागर ई. बोर्डिङ स्कूल निजगढ, ७ का रंजित थापालाई ५ हजार नगदसहित सम्मान गरिएको छ ।

कार्यक्रममा सहकारीको उत्कृष्ट कारोवारी सदस्य प्रलादप्रसाद रिमाल र उत्कृष्ट शेयर कारोवार सदस्य टपकुमारी कार्कीलाई २ हजार ५ सय नगद सहित सम्मान पत्र प्रदान गरिएको थियो ।

त्यसैगरी उत्कृष्ट ऋण कारोबार सदस्य सम्मान चण्डीका देवी कसाहीलाई प्रदान गरिएको छ भने उत्कृष्ट बचत कारोवार सदस्य सम्मान संतोषीकुमारी भण्डारीले प्राप्त गर्नुभएको छ । उनीहरुलाई पनि २ हजार ५ सय नगदसहित सम्मान गरिएको हो ।

कार्यक्रममा उत्कृष्ट बाल बचत सदस्य सुर्बी अधिकारी, गौरीशंकर क्याम्पस निजगढ ९ बारामा अध्ययनरत संस्थाका शेयर सदस्य श्री माधवप्रसाद दाहालका छोरालाई २० हजार रुपैया छात्रबृत्ति प्रदान रकम प्रदान गरिएको छ ।

बाँकी तेश्रो पेजमा

## रकम ठगी गर्ने एक जना बिचौलियालाई पक्राउ



वीरगञ्ज, २९ असोज/प्रहरीले रकम ठगी गर्ने एक जना बिचौलियालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार वीरगञ्ज भन्सार कार्यालयहरूबाट लिलाम बिक्री हुने सवारीसाधन तथा घरायसी प्रयोजनका सरसामान कम मूल्यमा उपलब्ध गराइदिने प्रलोभन देखाई बिचौलियाको कार्यमा संलग्न सर्लाही घर भई हाल काठमाडौं डेरा गरी बस्ने अन्दाजी २७ वर्षीय प्रवीण साहलाई बिहीबार वीरगञ्जबाट पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लका अनुसार बिचौलिया साहले 'आफू सशस्त्र प्रहरी सहायक निरीक्षक रहेको र भन्सार कार्यालयको एजेन्टसँग आफ्नो राम्रो चिनजान छ' भनी सर्वसाधारणलाई झुक्याई लिलाम बिक्री साकार गर्न तयार भएका व्यक्तिलाई विभिन्न आश्वासन दिई विभिन्न बैङ्क खातामा रकम जम्मा गर्न लगाई तत्पश्चात् सम्पर्कविहीन भएका थिए ।

उहाँका अनुसार निजलाई वीरगञ्ज महानगरपालिका( ८ घण्टाघरस्थित प्रहरी कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरी कानुनबमोजिम म्याद थप भई अनुसन्धान अगाडि बढाएको छ । बिचौलिया कार्यमा संलग्न रहेका अन्य व्यक्तिको पहिचान गर्ने कार्यका लागि प्रहरी कार्यालयबाट विशेष निगरानी र आवश्यक प्रमाण सङ्कलन कार्य भइरहेको प्रहरी नायब उपरीक्षक मल्लले जानकारी

बाँकी तेश्रो पेजमा

## पूर्वन्यायाधीश बम हत्याका दोषी बाबु थापा हतियारसहित पक्राउ

सर्लाही, २९ असोज/सर्लाही प्रहरीले सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश रणबहादुर बम हत्याका दोषी बाबु थापालाई दुई थान पेस्तोल र १५ राउण्ड गोलीसहित नियन्त्रणमा लिएको छ ।



जेन्जी आन्दोलनको क्रममा गत वर्ष भदौ २४ गते कारागारबाट फरार भई भारत तथा नेपालका विभिन्न स्थानमा लुकिछिपी बस्दै आएका थापालाई आफ्नै घरमा आएको सूचनाका आधारमा प्रहरीले पक्राउ गरेको हो ।

बाँकी तेश्रो पेजमा

## बारामा ९ लाखभन्दा बढीको अवैध सामान बरामद, एक भारतीय नागरिक पक्राउ

कलैया, २९ असोज/सशस्त्र प्रहरी बलले बाराका विभिन्न सीमा नाकाबाट भन्सार छली गरी नेपाल भित्र्याइएका करिब नौ लाख १० हजार रुपियाँ मूल्य बराबरका अवैध सामान बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल, नेपाल नं. १२ गण हेडक्वार्टर बाराका अनुसार जिल्लाका विभिन्न इकाइबाट परिचालित टोलीले बीओपी कवहीगोठ, बरैनिया र गोलागञ्ज क्षेत्रबाट हरियो तरकारी, जुत्ता( चप्पल, तयारी पोसाक, लत्ताकपडा, सुर्तीजन्य सामग्री, मोटरसाइकल तथा पटाकासमेत नियन्त्रणमा लिएको हो ।

अवैध सामान ओसारपसारमा संलग्न भारतको बिहार राज्य, पूर्वी चम्पारण जिल्ला मोतिहारी का ३० वर्षीय सिकेन्द्र कुशवाहालाई समेत प्रहरीले पक्राउ गरेको छ ।

बरामद गरिएका सामान र पक्राउ परेका कुशवाहालाई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइने सशस्त्र प्रहरी नायब उपरीक्षक विक्रममणी अधिकारीले जनाउनुभएको छ ।

सशस्त्र प्रहरीले सीमा क्षेत्रमा अवैध ओसारपसार र प्रतिबन्धित वस्तुको कारोबार रोक्न नियमित गस्ती, निगरानी र जाँच प्रक्रियालाई कडाइका साथ अघि बढाएको जनाएको छ ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# मौलिकता जोगाउने सैनिक प्रयास र दसैँको संस्कृति

नेपालीहरूको महान् पर्व बडादसैँ केवल टीका, जमरा र मिठो खानपानमा मात्र सीमित छैन; यो हाम्रा अनगिन्ती अनुपम सांस्कृतिक परम्पराहरूको जीवन्त सङ्गालो पनि हो ।

ती परम्पराहरूमध्ये दसैँको पर्यायका रूपमा स्थापित मौलिक पक्ष हो( लिङ्गे पिङ । धार्मिक तथा सामाजिक मान्यताअनुसार दसैँमा वर्षको एकपटक भए पनि भुइँ छाड्नुपर्छ भन्ने जनविश्वास छ, जसले मानिसलाई सांसारिक बन्धन र तनावबाट मुक्त गरी चङ्गाजस्तै हलुका बनाउने आध्यात्मिक उचाइ दिन्छ ।

तर, आधुनिकताको तीव्र प्रभाव, प्रविधिको बढ्दो प्रयोग र सामाजिक सञ्जालको मोहका कारण हाम्रा ग्रामीण तथा सहरी भेगबाट परम्परागत पिङहरू क्रमिक रूपमा हराउँदै जानु चिन्ताको विषय बनिरहेको छ । यस्तो सङ्क्रमणकालीन अवस्थामा बाराको निजगढमा नेपाली सेनाले थापेको लिङ्गे पिङ लोपोन्मुख संस्कृति संरक्षणका लागि एउटा उदाहरणीय र प्रसरणीय कदम बनेर अगाडि आएको छ ।

पिङ खेल्नु केवल पर्वको रमाइलो वा मनोरञ्जन मात्र होइन, यो सामाजिक एकता, आपसी सद्भाव र भाइचाराको कसिलो माध्यम हो। गाउँघरमा बाँस काट्ने, बजारबाट डोरी ल्याउने वा बाबियो बाटेर ला तयार पार्ने बहानामा समाजका विभिन्न पुस्ता एकै ठाउँमा भेला हुन्थे, जसले सामुदायिक आत्मीयतालाई प्रगाढ बनाउँथ्यो ।

आज गाउँ रित्तिँदै जाँदा र युवा शक्ति पलायन हुँदा यो रौनक हराउँदै गएको छ । यस्तो बेला निजगढका भूतपूर्व सैनिकहरूको सुझाव र स्थानीयको आग्रहमा नेपाली सेनाले परम्परागत शैलीमा बाँस र डोरीको प्रयोग गरी पिङ निर्माण गरिदिनुले सर्वसाधारणमा ठूलो उत्साह थपेको छ ।

सेनाको यो कार्यले नेपाली लोकसंस्कृतिको संरक्षणमा त इँटा थपेको छ नै, साथै नागरिक र सैनिकबिचको सम्बन्धलाई जनस्तरमा अझ सुमधुर र प्रगाढ बनाउन बलियो सेतुको काम गरेको छ ।

राष्ट्रिय सुरक्षा र विपद् व्यवस्थापन जस्ता प्राथमिक जिम्मेवारीभन्दा माथि उठेर नेपाली सेनाले सामाजिक(सांस्कृतिक रूपान्तरण र जगेर्नामा देखाएको यो तत्परता निकै सकारात्मक छ ।

तराईका अन्य क्षेत्र जस्तै रौतहटको चन्द्रपुर र वीरगञ्जमा समेत सेनाले यस्ता पिङहरू स्थापना गरेर दसैँको उल्लास फर्काउने जुन सह्रानीय कार्य गरेको छ, त्यसले राज्यका अन्य निकायलाई पनि आफ्नो संस्कृतिप्रति उत्तरदायी बन्न झकझक्याएको छ ।

संस्कृति भनेको कुनै पनि देशको पहिचान र प्राण हो । सेनाले निजगढमा थापेको पिङले नयाँ पुस्तालाई पुर्खाको नासो चिनाउनुका साथै आन्तरिक पर्यटन प्रवर्द्धनमा समेत टेवा पुऱ्याउनेछ ।

यस्ता परम्पराहरूको रक्षाका लागि राज्यका स्थानीय सरकार र समुदाय आफैँ पनि जुर्मुराउनु आवश्यक छ, ताकि हाम्रा भावि सन्ततिले दसैँको वास्तविक मौलिकता पुस्तक र भिडियोमा मात्र नभई आफ्नै आँगनमा प्रत्यक्ष अनुभव गर्न पाऊन् ।

# जनताको वास्तविक शासन




लोकतन्त्र/प्रजातन्त्र भनेको केवल जनताले मतदान गरेर सरकार बनाउनु मात्र होइन । लोकतन्त्रको वास्तविक अर्थ त्योभन्दा धेरै व्यापक, गहिरो र जीवनसँग जोडिएको छ । लोकतन्त्र स्वतन्त्रता हो, खुसी हो, सम्मान हो, प्रगति हो र मानिसले आफ्नो जीवन आफ्नै विवेक अनुसार बाँच्न पाउने अवस्था हो । लोकतन्त्रको सार मानिसले आफूलाई आफ्नै शासनको हिस्सेदारका रूपमा अनुभूति गर्नु हो । आफूले चुनेको शासक जनताकै प्रतिनिधि हो, राज्य जनताकै हो र सरकार जनताकै हितका लागि काम गर्छ भन्ने विश्वास लोकतन्त्रको आधार हो । जनताले निर्वाचनमा मत हाल्न पाउनु लोकतन्त्रको महत्वपूर्ण पक्ष हो तर मतदानपछि जनताको आवाज हराउँछ भने त्यसलाई पूर्ण लोकतन्त्र भन्न सकिँदैन । लोकतन्त्रको सफलता निर्वाचनमा मात्र होइन, जनताको दैनिक जीवनमा स्वतन्त्रता, सुरक्षा, सम्मान, न्याय र खुसीको अनुभूति कति छ भन्ने कुरामा निर्भर हुन्छ ।

लोकतन्त्रलाई प्रायः निर्वाचन, राजनीतिक दल, संसद् र सरकार निर्माणको प्रक्रियाका रूपमा बुझ्ने गरिन्छ तर यी लोकतन्त्रका माध्यम हुन्, सम्पूर्ण लोकतन्त्र होइनन् । लोकतन्त्रको वास्तविक उद्देश्य मानिसलाई भय, अन्याय, दमन र पराधीनताबाट मुक्त गर्नु हो । मानिसले आफ्नो विचार व्यक्त गर्न, प्रश्न सोध्न, असहमत हुन, आफ्नो क्षमता विकास गर्न र सम्मानपूर्वक जीवन बिताउन पाउनु पर्छ । नागरिकले सरकारको प्रशंसा गर्न पाउँछन् भने आलोचना गर्न पनि पाउनु पर्छ । सरकारको समर्थन गर्नु प्रजातान्त्रिक अधिकार हो भने सरकारका गलत कामको विरोध गर्नु पनि उत्तिकै प्रजातान्त्रिक अधिकार हो । जहाँ प्रश्न सोध्न डराउनु पर्छ, सत्य बोल्दा सजायको भय हुन्छ र सत्ताको आलोचना गर्दा अपमानित हुनु पर्छ, त्यहाँ लोकतन्त्रको आत्म कमजोर भएको हुन्छ । त्यसैले लोकतन्त्रलाई केवल शासनप्रणालीका रूपमा होइन, स्वतन्त्रता र मानवीय मर्यादामा आधारित जीवनपद्धतिका रूपमा बुझ्न आवश्यक छ ।

लोकतन्त्र भनेको अँध्यारो होइन, उज्यालो हो; निराशा होइन, आशा हो; डर होइन, निर्भयता हो; अपमान होइन, सम्मान हो । लोकतन्त्रको नाममा नागरिकले दुःख, असुरक्षा र निराशा मात्र प्राप्त गर्छन् भने लोकतन्त्रको वास्तविक अर्थमाथि प्रश्न उठ्नु स्वाभाविक हो । जनताले लोकतन्त्रबाट सुखी जीवन, समान अवसर, न्यायपूर्ण समाज र भविष्यप्रतिको आशा खोज्छन् । लोकतन्त्रले मानिसलाई आफ्नो जीवनका निर्णयमा सहभागी हुन, आफ्नो क्षमता विकास गर्न र समाजको प्रगतिमा योगदान दिन अवसर दिनु पर्छ । त्यसैले लोकतन्त्रको मूल्याङ्कन सरकार कति पटक परिवर्तन भयो भन्ने आधारमा मात्र होइन, जनताको जीवनमा कस्तो परिवर्तन आयो भन्ने आधारमा गर्नु पर्छ । फ्रान्सेली राजनीतिक दार्शनिक जाँ-जाक रुसोले प्रजातान्त्रिक चिन्तनमा सामान्य इच्छाको महत्वपूर्ण अवधारणा प्रस्तुत गरेका छन् । रुसोको विचारमा वैध राजनीतिक सत्ता जनताको सामूहिक इच्छासँग सम्बन्धित हुनु पर्छ । राज्यको शासन केही व्यक्तिको निजी स्वार्थ पूरा गर्नका लागि होइन, सम्पूर्ण समुदायको साझा हितका लागि सञ्चालन हुनु पर्छ । सामान्य इच्छा भनेको व्यक्तिका सबै व्यक्तिगत चाहनाको साधारण जोड मात्र होइन; समाजको साझा हित र सामूहिक भलाइतर्फ उन्मुख इच्छाको अवधारणा हो ।

लोकतन्त्रमा बहुमतको महत्व भए पनि बहुमतले जे चाह्यो, त्यही नै सधैँ लोकतन्त्र हुन्छ भन्ने होइन । बहुमतको निर्णयले अल्पमतको अधिकार, व्यक्तिगत स्वतन्त्रता र मानवीय मर्यादा समाप्त गर्न पाउँदैन । अमेरिकी राजनीतिक वैज्ञानिक रोबर्ट ए. डाहलले लोकतन्त्रसम्बन्धी आफ्नो चिन्तनमा राजनीतिक सहभागिता, प्रभावकारी सहभागिता, सूचित समझदारी, समान मताधिकार र नागरिकको नियन्त्रणलाई महत्व दिएका छन् । लोकतन्त्र जनताको इच्छा सुन्ने प्रक्रिया मात्र होइन, त्यो इच्छालाई शासन सञ्चालनमा प्रभावकारी रूपमा प्रतिविम्बित गर्ने व्यवस्था पनि हो ।

लोकतन्त्रमा कानुनको सर्वोच्चता अनिवार्य हुन्छ तर कानुन बनाउनु मात्र पर्याप्त हुँदैन; कानुनको निष्पक्ष कार्यान्वयन पनि उत्तिकै आवश्यक हुन्छ । संविधानमा समानताको व्यवस्था हुनु, कानुनले सबै नागरिकलाई समान अधिकार दिनु र राज्यका निकायलाई उत्तरदायी बनाउनु महत्वपूर्ण उपलब्धि हुन् तर व्यवहारमा शक्तिशाली व्यक्तिले कानुन छल्न पाउने र सामान्य नागरिकले न्याय पाउन बर्सौं कुर्नुपर्ने अवस्था रह्यो भने कानुनी समानताको वास्तविक अर्थ कमजोर हुन्छ । लोकतन्त्रमा कानुन कुनै व्यक्ति, दल वा सरकारको निजी सम्पत्ति होइन । कानुन सबैका लागि समान हुनु पर्छ । सरकार कानुनभन्दा माथि हुँदैन, राजनीतिक दल राज्यभन्दा ठुलो हुँदैन र शासक जनताभन्दा विशेष अधिकार प्राप्त व्यक्ति होइन । जनताले निर्माण गरेको संवैधानिक व्यवस्था अनुसार राज्य सञ्चालन हुनु र राज्यका सबै निकायले आफ्नो अधिकारको सीमाभित्र रहेर काम गर्नु प्रजातान्त्रिक शासनका आधारभूत सर्त हुन् । लोकतन्त्रको अर्को महत्वपूर्ण पक्ष भनाइ र गराइबिचको समानता हो । चुनावअघि जनतालाई ठुला आश्वासन दिने तर सत्तामा पुगेपछि ती आश्वासन बिर्सने राजनीतिक संस्कारले लोकतन्त्रप्रतिको विश्वास कमजोर बनाउँछ । भ्रष्टाचारविरुद्ध भाषण गर्ने तर भ्रष्टाचारमा संलग्न व्यक्तिलाई संरक्षण गर्ने प्रवृत्तिले प्रजातान्त्रिक नैतिकतालाई चोट पुऱ्याउँछ । पारदर्शिताको वकालत गर्ने तर निर्णय प्रक्रियालाई गोप्य राख्ने व्यवहारले जनताको विश्वास जित्न सक्दैन । लोकतन्त्रमा सत्य बोल्नु, जिम्मेवारी पूरा गर्नु, गल्ती स्वीकार गर्नु र कानुन अनुसार कारबाही गर्नु आवश्यक हुन्छ । लोकतन्त्रको नाममा झुट, छलकपट र दोहोरो मापदण्डलाई सामान्य मान्न थालियो भने प्रजातान्त्रिक संस्थाहरू बाहिरबाट कायम रहे पनि तिनको नैतिक आधार कमजोर हुँदै जान्छ । लोकतन्त्रमा जे भनिन्छ, त्यस अनुसार व्यवहार पनि हुनु पर्छ । जनताको हितको कुरा गर्ने नेतृत्वले आफ्नो व्यवहारबाट जनताको हित प्रमाणित गर्न सक्नु पर्छ

नेपालको प्रजातान्त्रिक इतिहास त्याग, सङ्घर्ष, बलिदान र जनताको आशासँग जोडिएको छ । राणा शासनविरुद्धको आन्दोलनदेखि २०४६ सालको जनआन्दोलन, २०६२/६३ को जनआन्दोलन र गणतन्त्र स्थापनासम्म नेपाली जनताले राजनीतिक स्वतन्त्रता र अधिकारका लागि लामो सङ्घर्ष गरेका छन् । विभिन्न ऐतिहासिक आन्दोलनमा धेरै मानिसले ज्यान गुमाए, धेरै घाइते तथा अपाङ्ग भए र अनगन्ती परिवारले दुःख भोगे । यी सङ्घर्ष केवल सरकार परिवर्तन गर्नका लागि मात्र थिएनन्; तिनको गहिरो उद्देश्य स्वतन्त्र, सम्मानित, न्यायपूर्ण र समृद्ध समाज निर्माण गर्नु पनि थियो । लोकतन्त्रका लागि बलिदान दिने मानिसको सपना सत्तामा केही नयाँ अनुहार पुग्नु मात्र थिएन । उनीहरूले यस्तो राज्यको कल्पना गरेका थिए जहाँ सामान्य नागरिकले पनि न्याय पाओस्, गरिबले सम्मानपूर्वक जीवन बिताउन सकोस्, युवाले आफ्नै देशमा भविष्य देख्न सकून्, महिलाले समान अधिकार प्राप्त गरून् र राज्यका निकाय जनताप्रति जिम्मेवार बनून् ।

तर नेपालको प्रजातान्त्रिक अभ्यासमा अनेक विरोधाभास देखिएका छन् । राजनीतिक परिवर्तन भए, संविधान बने, निर्वाचनहरू सम्पन्न भए र सरकारहरू परिवर्तन भइरहे । तथापि सुशासन, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवाको प्रभावकारिता, रोजगारी, समान अवसर र राज्यप्रतिको विश्वासका क्षेत्रमा जनताका अपेक्षा पूर्ण रूपमा पूरा भएका छैनन् । राजनीतिक दलबिचको अस्वस्थ प्रतिस्पर्धा, सत्ताकेन्द्रित राजनीति, नातावाद, कृपावाद र जवाफदेहिताको कमजोरीले लोकतन्त्रको गुणस्तरमाथि प्रश्न उठाउने आधार दिएका छन् । लोकतन्त्रको नाममा जनताको समर्थन प्राप्त गरेर जनताकै आवाजलाई बेवास्ता गरिन्छ भने त्यो प्रजातान्त्रिक आदर्शसँग मेल खाँदैन । जनताले दिएको मतलाई शासकले आफूले पाएको स्थायी अधिकारका रूपमा बुझ्न थाल्यो भने लोकतन्त्रको मूल भावना कमजोर हुन्छ । निर्वाचनमा जनताबाट अधिकार प्राप्त गर्ने तर शासन सञ्चालन गर्दा जनताप्रति उत्तरदायी नहुने प्रवृत्ति लोकतन्त्रको गम्भीर चुनौती हो ।

### नागरिक अधिकारको सम्मान

लोकतन्त्रको सबैभन्दा ठुलो खतरा सधैँ बाहिरबाट मात्र आउँदैन; कहिलेकाहीँ लोकतन्त्रको नाममा सत्ता प्राप्त गर्नेहरूकै व्यवहारबाट पनि आउँछ । निर्वाचनबाट सरकार बनेको छ भन्दैमा सरकारका सबै निर्णय प्रजातान्त्रिक हुन्छन् भन्ने छैन । निर्वाचित सरकारले पनि नागरिक अधिकारको सम्मान गर्नु पर्छ, संविधानको पालना गर्नु पर्छ र राज्यका संस्थाको स्वतन्त्रता कायम राख्नु पर्छ ।

नेपालमा लोकतन्त्रको अभ्यासमाथि आलोचनात्मक दृष्टि राख्नु लोकतन्त्रविरोधी हुनु होइन । बरु लोकतन्त्रलाई अझ राम्रो, उत्तरदायी र जनमुखी बनाउने प्रयास हो । लोकतन्त्रप्रतिको वास्तविक निष्ठा भनेको सत्तामा बसेकाको प्रत्येक निर्णयलाई समर्थन गर्नु होइन, उनीहरूलाई संविधान, कानुन र जनताप्रति उत्तरदायी बनाउनु हो । लोकतन्त्रको रक्षा गर्न सरकारको समर्थन गर्ने नागरिक मात्र होइन, सरकारका गलत कामको शान्तिपूर्ण र संवैधानिक विरोध गर्ने नागरिक पनि आवश्यक हुन्छन् । नागरिकले आफ्नो अधिकारसँगै कर्तव्य बुझ्नु पर्छ, तथ्यका आधारमा निर्णय गर्नु पर्छ र गलत कार्यलाई आफ्नो दल वा समूहसँग सम्बन्धित भएकै कारण समर्थन गर्नु हुँदैन । राजनीतिक दलमा आन्तरिक लोकतन्त्र, सार्वजनिक संस्थामा पारदर्शिता, न्यायपालिकाको स्वतन्त्रता, सञ्चार माध्यमको निर्भयता, नागरिक समाजको सक्रियता र नागरिकको राजनीतिक चेतना लोकतन्त्रलाई बलियो बनाउने महत्वपूर्ण आधार हुन् ।

लोकतन्त्रको सफलता मापन गर्ने एउटा महत्वपूर्ण आधार जनताको जीवनमा आएको परिवर्तन हो । के नागरिकले आफ्नो विचार निर्भयतापूर्वक व्यक्त गर्न सक्छन् ? के उनीहरूले निष्पक्ष न्याय पाउँछन् ? के सरकारी कार्यालयमा सामान्य काम गराउन अनावश्यक दुःख भोग्नु पर्दैन ? के योग्य युवाले अवसर पाउँछन् ? के गरिब, महिला, दलित, सीमान्तकृत समुदाय र अल्पसङ्ख्यकले समान सम्मान प्राप्त गर्छन् ? के सार्वजनिक स्रोतको उपयोग पारदर्शी र जनहितकारी छ ? के जनताले आफ्नो सरकारलाई प्रश्न सोध्न र गलत कामको विरोध गर्न सक्छन् ? यस्ता प्रश्नको उत्तरले लोकतन्त्रको वास्तविक अवस्था देखाउँछ । लोकतन्त्रले सबै समस्या तत्काल समाधान गर्छ भन्ने होइन तर लोकतन्त्रले समस्या समाधान गर्न शान्तिपूर्ण बाटो, खुला बहस, जनसहभागिता, उत्तरदायित्व र सत्ता परिवर्तनको अवसर प्रदान गर्नु पर्छ । यही यसको विशिष्ट शक्ति हो । लोकतन्त्रको वास्तविक अर्थ जनताले मत हालेर सरकार बनाउनुमा मात्र सीमित छैन । यसको सार जनताले आफ्नै शासनको अनुभूति गर्नु, स्वतन्त्रतापूर्वक जीवन बिताउनु, कानुनको समान संरक्षण पाउनु र राज्यलाई आफ्नो साझा संस्थाका रूपमा अनुभव गर्नु हो ।

नेपालमा लोकतन्त्रका लागि जीवन अर्पण गर्नेहरूलाई साँचो सम्मान गर्ने हो भने उनीहरूको बलिदानलाई औपचारिक समारोह र भाषणमा मात्र सीमित गर्नु हुँदैन । उनीहरूले चाहेको स्वतन्त्रता, न्याय, समानता र समृद्धिलाई जनताको दैनिक जीवनमा अनुभूत हुने गरी कार्यान्वयन गर्नु पर्छ । लोकतन्त्रको नाममा लोकतन्त्रकै मूल्य कमजोर पार्ने प्रवृत्तिलाई सच्याउनु पर्छ । जनताको मतलाई सत्तामा पुग्ने माध्यम मात्र होइन, जनताप्रति उत्तरदायी रहने नैतिक जिम्मेवारीका रूपमा बुझ्नु पर्छ । लोकतन्त्र अँध्यारो होइन, उज्यालो हो । यो दमन होइन, स्वतन्त्रता हो । यो निराशा होइन, आशा हो । यो केही व्यक्तिको स्वार्थ होइन, सबै नागरिकको सम्मान र साझा हितको व्यवस्था हो । लोकतन्त्रको वास्तविक उपलब्धि कति जना नेता सत्तामा पुगे भन्ने होइन, कति जना नागरिकले स्वतन्त्र, सुरक्षित, सम्मानित र सुखी जीवन बिताउन पाए भन्ने हो । त्यसैले नेपालको प्रमुख आवश्यकता लोकतन्त्रको विकल्प खोज्नु मात्र होइन, लोकतन्त्रलाई उसको वास्तविक आदर्श अनुसार अभ्यास गर्नु हो । लोकतन्त्रलाई संविधानका धाराहरू, निर्वाचनका परिणाम र राजनीतिक भाषणबाट निकालेर जनताको जीवनमा पुऱ्याउन सकियो भने मात्र जनताले अनुभूति गर्ने छन् । लोकतन्त्र भनेको साँच्चै आफ्नै शासन हो, आफ्नै स्वतन्त्रता हो र आफ्नै खुसी हो । **साभार: गोरखापत्र**



## सगरमाथासहकारीद्वारा...

त्यसैगरी कार्यक्रममा संस्थाका निवर्तमान सञ्चालक समितिका पदाधिकारीहरुलाई दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको थियो । कार्यक्रममा निजगढ ५ स्थित जनजागृति आधारभुत विद्यालय निजगढ ५ का छात्र(छात्रालाई रु ४० हजार बराबरको आवश्यक सामग्री उपलब्ध गराउने घोषणा पनि गरिएको थियो । साधारण सभामा अध्यक्ष रुद्रप्रसाद धितालले पेस गरेको संस्थाको बार्षिक प्रगति प्रतिवेदन, लेखा संयोजक राजु गौतमको लेखा समितिको प्रतिवेदन र संस्थाका कोषाध्यक्ष सुदिप तिमल्सिनाले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन सर्वसम्मतिले पारित गरेको छ ।

संस्थाका अध्यक्ष धितालको अध्यक्षता र निवर्तमान अध्यक्ष भोलाप्रसाद गौतमको प्रमुख अतिथ्यतामा भएको सो सभामा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था निजगढका अध्यक्ष सुदर्शनप्रसाद कोइरालालगायतले सहकारीको महत्व र आवश्यकताको बारेमा बोल्नुभएको थियो ।

## पर्साकादुईपालिकाको...

अधिकांश स्थानीय तहले कर्मचारी तथा शिक्षकको तलब भुक्तानी गरिसकेका छन् । तर, पोखरिया नगरपालिका र सखुवा प्रसौनी गाउँपालिकाका कर्मचारी तथा शिक्षक भने तलब र चाडपर्व खर्चको प्रतीक्षामा छन् ।

दसैंजस्तो महत्वपूर्ण चाड नजिकिँदै गर्दा नियमित आम्दानी रोकिएपछि उनीहरूलाई घरखर्च व्यवस्थापन गर्न कठिनाइ भएको छ । तीन महिनासम्म तलब नपाउँदा दैनिक उपभोग्य सामग्री, बालबालिकाको पढाइ तथा अन्य आवश्यक खर्च जुटाउनसमेत समस्या भइरहेको जनाइएको छ ।

सरकारले कर्मचारीलाई १५ दिनमै तलब उपलब्ध गराउने नीति लिए पनि स्थानीय तहको आन्तरिक प्रक्रिया र प्रशासनिक निर्णयमा भएको ढिलाइका कारण कर्मचारी तथा शिक्षकले त्यसको लाभ लिन नसकेको देखिएको छ ।

बैंक खाता सञ्चालन नहुँदा कर्मचारीको तलब भुक्तानीमा मात्र नभई स्थानीय तहका अन्य आर्थिक कारोबार र विकास निर्माणका काममा समेत असर परेको छ । बजेट पारित गर्ने तथा आर्थिक कारोबार सञ्चालनका लागि आवश्यक अख्तियारी प्रदान गर्ने प्रक्रियामा भएको ढिलाइको प्रत्यक्ष असर कर्मचारी, शिक्षक र स्थानीय सेवा प्रवाहमा परेको छ ।

दसैंअघि नै बैंक खाता सञ्चालन गरी रोकिएको आर्थिक कारोबार सुचारु गर्न नसकिए कर्मचारी तथा शिक्षकले तलब र चाडपर्व खर्चबिनै चाड मनाउनुपर्ने अवस्था आउन सक्ने देखिएको छ । त्यसैले सम्बन्धित पालिकाले बजेट पारित गर्ने र आवश्यक प्रशासनिक प्रक्रिया पूरा गरी बैंक खाता सञ्चालनमा ल्याउन तत्काल पहल गर्नुपर्ने आवश्यकता देखिएको छ ।

## रकमठगीगर्ने...

दिनुभयो ।

उहाँले भन्नुभयो, "बिचौलियाको काम गर्ने व्यक्तिहरू कानुनी कारबाहीको दायरामा आउने भएकाले बिचौलिया काम गर्ने व्यक्तिको विश्वासमा नपर्न, सम्पर्कमा नबस्न तथा बिचौलियाको काम गर्ने व्यक्तिहरुको सम्बन्धमा कुनै सूचना भएमा नजिकको प्रहरी कार्यालयमा उपलब्ध गराउन पनि सर्वसाधारणमा जानकारी गराइन्छ ।"

## पूर्वन्यायाधीश बम हत्याका ...

जिल्ला प्रहरी कार्यालय सर्लाही, इलाका प्रहरी कार्यालय हरिवन र इलाका प्रहरी कार्यालय कर्मैयाको संयुक्त टोलीले बुधबार राति महेन्द्र राजमार्गअन्तर्गत सर्लाहीको बागमती नगरपालिकास्थित मिलनचोकमा रहेको घरबाटै उनलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मलंगवाका प्रमुख प्रहरी उपरीक्षक (एसपी) रविन्द्रनाथ पौडेलले जानकारी दिनुभयो ।

२०६९ जेठ १८ गते भएको न्यायाधीश बम हत्याकाण्डमा दोषी ठहर भई २०७१ सालमा पक्राउ परेका चुरे भावर राष्ट्रिय पार्टीका तत्कालीन उपाध्यक्ष थापा जन्मकैदको सजाय भुक्तानका लागि सुन्धारास्थित जगन्नाथदेवल कारागारमा थिए ।

फरार अभियुक्त थापाको साथबाट दुई थान पेस्तोल र १५ राउण्ड गोली बरामद भएकाले उनीविरुद्ध हातहतियार तथा खरखजाना कसुरमा सर्लाही जिल्ला अदालतमा मुद्दा प्रक्रिया अगाडि बढाइने एसपी पौडेलले जनाउनुभएको छ ।

दर्ता नं. :- ९९०/०६७/०६८ प्यान नं.:- ३०४८४८०२७

# साना किसान कृषि सहकारी संस्था लि. करैयामाई-५, ढोढीया बारा

## विषय :- ऋण तिर्न आउने सम्बन्धी सार्वजनिक सुचना

यस संस्थाका तपसिल अनुसारका सदस्यहरुले यस संस्थाबाट ऋण लिई संस्थाको शर्त नियमावली अनुसार बुझाउन पर्ने सावा, व्याज समेत बुझाउन आउन पटक पटक लिखित, मौखिक तथा फोन सम्पर्क मार्फत अनुरोध गर्दा पनि नबुझाउने बाकी राख्ने हुनाले मिति २०८३/०६/२९ का यो सुचना प्रकाशित भएको मितिले दिन भित्र संस्थामा सम्पर्क राखि सम्पुर्ण बाकि साँवा, व्याज र हर्जाना समेत बुझाउन ऋणी तथा धितो जमानी दिने समेतलाई यसै सुचना द्वारा सुचित गरिन्छ । उक्त तोकिएको म्याद भित्र साँवा व्याज नबुझाए मधेश प्रदेशको सहकारी ऐन २०७९ को परिच्छेद १३ का दफा ६९ को १ तथा यस संस्थाको कर्जा लगानी तथा असुलि कार्यविधि २०८१ को परिच्छेद ४ को दफा २५ संस्थामा राखेको धितो लिलामी कार्वाही अघि बढाई बाकि साँवा व्याज असुल उपर गरिने छ । यस बाट पनि बाकि साँवा व्याज असुल उपर हुन नसकेमा सहकारी ऐन नियमावली अनुसार ऋणीको जायजेथा चलअचल सम्पतिबाट पनि असुल उपर गरिने छ । साथै यसबाट पर्न गएको सामाजिक आँचमा संस्था जवाफदेहि नहुने समेत जानकारी गराउदछौं ।

| समुह नं. | ऋणीको नाम | ठेगाना | ऋणिको पतिको नाम | ऋणिको ससुराको नाम | साँवा | व्याज असोज ३१ सम्म | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| २३३ | सुनैना कुमारी चौधरी | करैयामाई-७ | विजय प्रसाद चौधरी | फलीत चौधरी | १६,७६,०५८।- | ३,७५,५६५।- | २०,५१,६२३।- |
| ५१ | धनमन्ती देवी चौधरी | करैयामाई-५ | महेन्द्र चौधरी | भनु चौधरी | ११,६०,९३९।- | ३,३७,९८५।- | १४,९८,९२४।- |
| २४४ | व्यासपति देवी सहनी | करैयामाई-५ | देवनन सहनी | सुखाडी सहनी गोढी | ८,०४,६४१।- | २,३१,६७०।- | १०,३६,३११।- |
| १२१ | सुकैतिन देवी | करैयामाई-५ | महेन्द्र सहनी | जोध्या सहनी | ५,२६,०००।- | १,३३,८९०।- | ६,५९,८९०।- |
| दैनिक | बिजयलाल चौधरी | करैयामाई-७ | जितन चौधरी | रामलोचन चौधरी | १२,३३,२१६।- | ३,९२,६८६।- | १६,२५,९०२।- |
| दैनिक | पवन कुमार चौधरी | करैयामाई-७ | बिजयलाल चौधरी | जितन चौधरी | १०,०७,७६०।- | २,३५,४११।- | १२,४३,१७१।- |
| ४७ | ललिता कुमारी | करैयामाई-८ | उमाशंकर यादव | सुखल राउत अहिर | १४,२५,६६४।- | ४,०१,६९१।- | १८,२७,३५५।- |
| २३ | मनतुरनी थरुनी | बारागढी-६ | हरिनाथ चौधरी | कारी चौधरी | १३,५६,३८१।- | २,५५,९८४।- | १६,१२,३८५।- |
| १०५ | रुबिया देवी चौधरी | करैयामाई-८ | लालेश्वर चौधरी | दिनानाथ खाँ थारु | ७,१०,६५६।- | १,४५,०४२।- | ८,५६,६९८।- |
| दैनिक | कमोद कुमार सहनी | बारागढी-६ | रामेश्वर प्रसाद सहनी | ठगा सहनी गोढी | ८,४१,४६७।- | १,८७,००८।- | १०,२८,४७५।- |
| १३ | अनिता देवी पासवान | बारागढी-४ | सोनालाल हजरा दुसाद | खेदु हजरा | ५७,३३१।- | २७,९८८।-।- | ८५,३१९।- |
| १३ | रिता देवी | बारागढी-४ | नरेश हजरा दुसाद | भरोस हजरा | ५,३२,१७९।- | १,१८,९१०।- | ६,५१,०८९।- |
| २० | निलम कुमारी चौधरी | बारागढी-४ | उपेन्द्र चौधरी | रामबिरिस चौधरी | ५९,१४६।- | ३१,१४५।- | ९०,२९१।- |
| २२ | सोनवा कुमारी | बारागढी-४ | दिनेश महरा | त्रियोगी महरा | ५४,०६०।- | ७,०८५।- | ६१,१४५।- |
| दैनिक | अवदुल सलिम | पचरौता-८ | कर्मदिन मिया | करजन मिया | ५३,३१०।- | १३,०५३।- | ६६,३६३।- |
| दैनिक | बलिराम चौधरी | पचरौता-८ | रामऔतार चौधरी | राम प्रसाद चौधरी | १,५१,६२५।- | ३७,०००।- | १,८८,६२५।- |
| दैनिक | ओसिम महमद | बारागढी-४ | दोषमहमद मिया छोवी | इगरत मिया छोवी | १,०६,५२९।- | ६५,२९६।- | १,७१,८२५।- |
| दैनिक | मोहमद तुफान हवारी | बारागढी-४ | दोषमहमद मिया छोवी | इगरत मिया छोवी | ७९९६०।- | ५१,५६६।- | १,३१,५२६।- |
| दैनिक | हसमुदिन आलम हवारी | बारागढी-४ | दोषमहमद मिया छोवी | इगरत मिया छोवी | ८१,३४३।- | ४३,२७७।- | १,२४,६२०।- |
| दैनिक | रामप्रवेश साह कानु | पचरौता-८ | शुभनारायण सा. कानु | भदेशी साह कानु | १,०६,५२९।- | ६६,९२३।- | १,७३,४५२।- |

# सर्लाहीमा एक १७ वर्षीया किशोरी हाइटेन्सन लाइनको टुप्पोमा



काठमाडौँ, २९ असोज/सर्लाहीको कविलासीमा एक किशोरी १३२ केवी विद्युत् प्रवाह भइरहेको हाइटेन्सन लाइनको पोलमा चढेपछि प्रहरीले उद्धारको प्रयास गरिरहेको छ।

कविलासी नगरपालिका २ घर भएकी किशोरी बिहीबार दिउँसो साढे ४ बजेतिरै गाउँ नजिकै रहेको विजुलीको पोलको टुप्पोमा पुगेर बसिरहेकी छन्। उनको उद्धारको प्रयास जारी रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका डीएसपी बेदप्रसाद गौतमले जानकारी दिनुभयो।

'किशोरी झण्डै ३ घण्टादेखि विजुलीको पोलको टुप्पोमा गएर बसिरहेकी छन्। हालसम्म उनी सुरक्षित छिन्,' गौतमले भन्नुभयो, 'उनको मानसिक अवस्था ठिक नभएको अभिभावकबाट जानकारी आएको छ। त्यहाँको विद्युत् प्रवाह बन्द गरेर उद्धारको लागि अहिल हाम्रो टोली घटनास्थलमै बसिरहेको छ।'

तलबाट अभिभावक र सुरक्षाकर्मीले बोलाउँदा पनि किशोरी नबोली बसिरहेकी र तल झर्न नमानेकी प्रहरीले जनाएको छ।

किशोरी विजुलीको पोलमा चण्डै गरेको स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए। त्यसपछि तुरुन्तै विद्युत् प्राधिकरणलाई खबर गरेर त्यहाँको विद्युत् प्रवाह बन्द गरिएको डीएसपी गौतमले बताउनुभयो।

अब सुरक्षाकर्मी माथि नै गएर उनलाई उद्धार गरेर तल झार्ने तयारी इरहेको गौतमको भनाई छ।

घटनास्थलमा इलाका प्रहरी कार्यालय हरिपुरबाट प्रहरी निरीक्षक शिव कट्टेल र अस्थायी प्रहरी पोस्ट हेम्पुर पचगछियाबाट प्रहरी सहायक निरीक्षक छविलाल साहको कमाण्डमा प्रहरी टोली परिचालन गरिएको छ।

विजुलीको पोलमुनी किशोरीका आफन्तहरु पनि आएर बसेका छन्। प्रहरीले किशोरीको सुरक्षित उद्धारको प्रयास गरिरहेको छ।

# खुट्टा धुन गएका आमाछोरालाई नारायणीले बगायो, ११ वर्षीया छोरीको उद्धार

काठमाडौँ, २९ असोज/चितवनको नारायणगढ बजारस्थित पशुपति मन्दिर नजिकैबाट नारायणी नदीमा बगेर आमा र छोरा बेपत्ता भएका छन्।

बुधबार साँझ नदीमा खुट्टा धुने क्रममा उनीहरूलाई नदीले बगाएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी निरीक्षक मनिष श्रेष्ठले जानकारी दिनुभयो। 'साँझ इभिनिङ वाकको लागि छोराछोरीलाई साथमै लिएर नारायणी नदी किनारमा गएकी महिला र छोरालाई बाढीले बगाएको हो,' श्रेष्ठले भन्नुभयो

बेपत्ता हुनेमा चितवनको खैरहनी नगरपालिका( १ घर भई हाल भरतपुर महानगरपालिका( १२ मुनालचोकस्थित मामाघरमा बस्दै आएकी ३२ वर्षीया सिर्जना शर्मा र उनका ६ वर्षीय छोरा प्रसिद्ध छन्।

नदीमा डुबेकी सिर्जनाकी ११ वर्षीया छोरी प्रसिद्धि पौडेलको भने प्रहरीले उद्धार गरेको छ। उनको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

बेपत्ता आमा(छोराको खोजीका लागि सशस्त्र प्रहरी बलको विपद् व्यवस्थापनसहितको उद्धार टोली परिचालन गरिएको प्रहरीले जनाएको छ।

# नुहाउन गएका एक बालकको मृत्यु

सिराह, २९ असोज/सिराहको लहान नगरपालिका वडा नं( २३ बलान नदीमा नुहाउन गएका दुईमध्ये एक बालकको मृत्यु भएको छ।

आज दिउँसो २ बजेतिर नुहाउन आएका गढाकस जोगिन्दर महतोका १२ वर्षीय राजु महतो मृत अवस्थामा फेला पर्नुभएको हो। सोही ठाउँका राम उदगार महतोका नौ वर्षीय छोरा अभिनन्दन महतो बेपत्ता भएको इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायव उपरीक्षक प्रदीप विष्णु बस्यालले जानकारी दिनुभयो।

उहाँका अनुसार बेपत्ता अभिनन्दनको खोजी कार्य जारी छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# भोटेकोशी बाढी : रेडक्रसले २ हजार घर बनाउने



काठमाण्डौ २९ असोज/नेपाल रेडक्रस सोसाइटीले रसुवा र भोटेकोशी क्षेत्रमा बाढीबाट प्रभावित परिवारका लागि एक हजार अस्थायी आवास र एक हजार स्थायी घर निर्माण गर्ने भएको छ।

नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय तदर्थ समितिका अध्यक्ष विशालकुमार भण्डारीका अनुसार आवास निर्माणका लागि पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको भवन विभागसँग सम्झौता भएको छ। सम्झौताअनुसार घर गुमाएका झन्डै पाँच हजार जनालाई भाडा सहायता उपलब्ध गराउने सहमति पनि भएको छ।

अध्यक्ष भण्डारीले दशैँलगत्तै कार्ययोजना तयार गरिने र सरकारले आवश्यक जग्गा उपलब्ध गराएपछि अस्थायी आवास तथा स्थायी घर निर्माण प्रक्रिया अघि बढाइने बताउनुभयो।

# सर्लाहीबाट २३ ग्रामभन्दा बढी खैरो हेरोइनसहित दुईजना पक्राउ



सर्लाही, २९ असोज/सर्लाहीको हरिवनबाट प्रहरीले ठूलो परिमाणमा अवैध लागूऔषध खैरो हेरोइनसहित दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा हरिवन नगरपालिका( ४ का ३२ वर्षीय सागर पाखिन र २५ वर्षीय राज भुजेल रहेका छन्।

लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बर्दिबासबाट खटिएको प्रहरी टोलीले हरिवन नगरपालिका( ४ स्थित क्षेत्रबाट २३.३१० ग्राम खैरो हेरोइनसहित उनीहरूलाई नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार उनीहरूको साथबाट खैरो हेरोइनका साथै लागूऔषध जोख्न प्रयोग गरिने एक थान डिजिटल तराजु र दुई थान मोबाइल फोनसमेत बरामद गरिएको छ।

पक्राउ परेका दुवै जनालाई बरामद गरिएका सामग्रीसहित थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय हरिवनमा बुझाइएको लागु औषध नियन्त्रण ब्यूरोका सहप्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक जीवन निरौलाले जनाउनुभएको छ।

# मलेशिया जाने कामदारको बायोमेट्रिक गर्ने संस्थाका सञ्चालकसहित ४ जना पक्राउ

काठमाण्डौ २९ असोज/नेपाल स्वास्थ्य व्यवसायी महासङ्घका अध्यक्ष कैलाश खड्कासहित चार जना व्यवसायीलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले पक्राउ गरेको छ।

सीआईबीले खड्कासहित रविन्द्र केसी, प्रविण तिवारी र रामपुकार तिवारीलाई काठमाण्डौ र ललितपुरबाट पक्राउ गरेको हो।

मलेशिया रोजगारीमा जाने कामदारसँग धेरै पैसा लिएर 'सिन्डिकेट' चलाएको आरोपमा सीआईबीले उनीहरूमाथि अनुसन्धान गरिरहेको थियो

पक्राउ परेकाहरूमाथि ठगी तथा सङ्गठित अपराध कसुरमा थप छानबिन र अनुसन्धान भइरहेको सीआईबीले जनाएको छ।

# राम्रोसँग हात धुने बानीले ५० प्रतिशत भन्दा बढी संक्रामक रोगबाट बच्न सकिने



काठमाण्डौ २९ असोज/आज अक्टोबर १५, विश्व हात धुने दिवस। 'हात धुने नायक बनौँ' भन्ने मूल नाराका साथ नेपालमा पनि मनाइँदै छ।

सन् २००८ देखि मनाउन थालिएको यो दिवसका अवसरमा स्वास्थ्य मन्त्रालय र विभिन्न संघ( संस्थाहरूले साबुनपानीको प्रयोगबारे सचेतनामूलक कार्यक्रम गर्दैछन्।

हात सफा नहुँदा फैलिने सङ्क्रमणका कारण विश्वभर हरेक वर्ष लाखौँ मानिसले ज्यान गुमाउने गरेका छन्। तथ्याङ्क अनुसार विश्वमा हरेक तीन मध्ये एक नवजात शिशु झाडापखालाबाट सङ्क्रमित हुने गर्छन् भने प्रतिवर्ष झण्डै १ करोड ८० लाख बालबालिकाको मृत्युको मुख्य कारण झाडापखाला हो।

नियमित र सही तरिकाले हात धुने व्यवहारले ५० प्रतिशतभन्दा बढी सङ्क्रामक रोगहरूबाट सहजै जोगिन सकिने स्वास्थ्य विशेषज्ञहरू बताउँछन्। साबुनपानीले हात धुनुलाई सबैभन्दा प्रभावकारी मानिन्छ।

खाना खानुअघि(पछि र शौचालय प्रयोगपछि कम्तीमा २० सेकेण्डसम्म हत्केला, औँलाका काप र नङमुनि दलेर धारा वा फोहोराको बहने पानीमा मिचिमिची धुनुपर्छ। नेपालजस्तो विकासोन्मुख देशमा अझै पनि शुद्ध खानेपानी र सरसफाइका पूर्वाधारको अभाव कायमै छ।

ग्रामीण क्षेत्र मात्र नभई सहरी क्षेत्रमा समेत सही तरिकाले हात धुने अभ्यास पर्याप्त मात्रामा हुन सकेको छैन।

# फरदोस आलम कांग्रेस सहमहामन्त्रीमा निर्वाचित



काठमाडौं,२९ असोज/नेपाली कांग्रेसका पुराना नेता अफताव आलमका छोरा मो. फिरदोस आलम सहमहामन्त्रीमा निर्वाचित हुनुभएको छ।

उहाँ कांग्रेसको १५औं महाधिवेशनमा मुस्लिम क्लस्टरबाट सहमहामन्त्री निर्वाचित हुनुभएको हो।

कांग्रेसको आधिकारिक फेसबुकमार्फत पार्टीले फिरदोस आलमलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिएको छ।

उहाँ २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा मधेश प्रदेशमा कांग्रेसका तर्फबाट निर्वाचित हुने एक्ला सांसद हुनुहुन्छ।

फिरदोस रौतहट( २ बाट २९ हजार ५२८ मतसहित प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो। उहाँका निकटतम् प्रतिस्पर्धी नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार किरणकुमार साहले १८ हजार ४४२ मत पाउनुभएको थियो।

फिरदोसका पिता मोहम्मद आफताब आलम रौतहटबाट पटक( पटक निर्वाचित हुनुभएको थियो। उहाँ २०६४ सालको संविधानसभा निर्वाचनको अघिल्लो दिन रौतहटको राजपुरमा भएको बम विस्फोट र त्यसपछि भएको भनिएको हत्याकाण्डका कारण चर्चामा आउनुभएको थियो।

उक्त प्रकरणमा रौतहट जिल्ला अदालतले अफतावलाई २०८१ वैशाखमा जन्मकैदको सजाय सुनाएको थियो। तर, २०८२ जेठमा उच्च अदालत जनकपुरको वीरगञ्ज इजलासले प्रमाण पर्याप्त नभएको ठहर गर्दै उहाँलाई सफाइ दिएको थियो।

सफाइ पाएपछि जेलमुक्त आलमको २१ कात्तिक २०८२ सालमा उपचारका क्रममा ६३ वर्षको उमेरमा काठमाडौंमा निधन भएको थियो।

# तिब्बती भाषा पढाउन भारत लैजाँदै गरेका २५ जना बालबालिकाको उद्धार




काठमाण्डौ २९ असोज/तिब्बती भाषा पढाउनका लागि कञ्चनपुरको गयाचौकी नाका भएर भारतको देहरादुन लैजाँदै गरिएका २५ जना बालबालिकाको सीमा क्षेत्रबाट उद्धार भएको छ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले १० वर्षमुनिका २५ बालबालिकालाई भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले नेपाल फर्काएको जानकारी दिनुभयो। हुम्लाको सिमकोटका बालबालिकालाई वनबासामा रहेको एसएसबीको चेकपोस्टले नेपाल फर्काएको उहाँले बताउनुभएको छ।

ती बालबालिका अहिले इलाका प्रहरी कार्यालय गयाचौकीमा छन्। कञ्चनपुर प्रहरीकाअनुसार हुम्लाको सिमकोट गाउँपालिका( ८ का ती बालबालिकालाई पञ्चवीर बुढाले भारत लैजाँदै गरेको खुलेको छ। यसबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३